(च) विद्यालयको बालक्लबको अध्यक्ष- सदस्य

(छ) विद्यालय शिक्षक अभिभावक संघका अध्यक्ष- पदेन सदस्य

(ज) प्रधानाध्यापक- सदस्य सचिव

३. परिच्छेद ५ को नियम २६ को उपनियम २ अनुसार विद्यालय व्यवस्थापन समितिको कार्य अवधि ४ वर्षलाई घटाई २ वर्षे कायम गरिने निर्णय गरियो ।

अभिभावक/ संरक्षक भन्नाले :- सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको आमा , बुवा, बाजे, बजैलाई सम्झनुपर्छ ।

४. परिच्छेद ५ को नियम २९ को तपशिलका व्यक्तिहरु विद्यालय व्यवस्थापन समितीको अध्यक्ष वा सदस्य हुन सक्ने छैनन् ।

(क) गैर नेपाली नागरिक

(ख) पच्चिस वर्ष उमेर पुरा नभएको

(ग) प्रचलित कानुन बमोजिम कालो सूचिमा परेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको ।

(ङ) तपशिल अनुसारको शैक्षिक योग्यता नभएको

- प्रा.वि. तह १ देखी ३ सम्मका लागी-२ कक्षा पास
- प्रा.वि. तह १ देखि ५ सम्मका लागी-३ कक्षा पास
- आ.वि तहका लागी -५ कक्षा पास
- १० कक्षा सम्मका लागी -८ कक्षा पास
- १२ कक्षा सम्मका लागी- एस. ई.ई. वा सो सरह

यस नियममा अन्यत्र जे सुकै कुरा लेखिएको भएता पनि विद्यालय व्यवस्थापन समिति अध्यक्ष बन्नका लागि शैक्षिक क्षेत्रमा २० वर्ष वा सो भन्दा बढी अवधी शिक्षण पेसा गरेको वा अध्यापन, अनुसन्धान गरेको समेत अध्यक्ष बन्न सक्नेछ । र निजका बालबालिका , व्यक्ति विद्यालयमा अध्यापन नगरेको हुनुपर्दछ ।

(५) परिच्छेद ९ को निया ५७ को उपनियम १ मा सरुवा सम्बन्धी व्यवस्थापनमा गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र  गाउँ शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत सरुवा गर्न सक्ने निर्णय गरियो ।

(६) परिच्छेद ९ को नियम ५७ को उपनियम २ मा स्थायी, अस्थायी,राहत करार तथा गा.पा. अनुदानका शिक्षक तथा कर्मचारीहरुलाई सरुवा गर्न सकिने निर्णय गरियो ।

(७) परिच्छेद ९ को नियम ५७ को उपनियम ४ मा निजको कार्यसम्पादन सन्तोषजनक नभएमा पनि जुनसुकै समयमा पनि गाउँपालिकाले सरुवा गर्न सक्नेछ ।

(८) परिच्छेद ९ को नियम ५७ को उपनियम ६(झ) बमोजिम सेवाको भए मापदण्ड सम्बन्धमा ।

(क) कार्यसम्पादन मूल्याकन आधारमा

.ख) गाउँपालिकाको २६ बुदे निर्देशनको बुदा नं. २ लाई कार्यान्वयनका आधारमा

(ग) शिक्षक विद्यार्थी अनुपात नमिलेको अवस्थामा